# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
**मितिः २६ जुलाई २०२६**

समयः १८:५० - १६:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज कारगिल विजय दिवसमा देशका वीर सपुतहरूलाई स्मरण गर्दै भन्नुभएको छ देशका लागि उनीहरुको बलिदानमा सबैलाई गर्व छ।
- आकाशवाणीबाट मन की बात कार्यक्रममा, श्री मोदीले रक्षा उत्पादन र अन्तरिक्ष क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउन भारतीय वैज्ञानिक र अभियंताहरूको सामूहिक प्रयासको प्रशंसा गर्नुभयो।
- दार्जीलिङको बतासे-स्थित ऐतिहासिक वार मेमोरियलमा २७ औं कारगिल विजय दिवस पालन गरिएको छ।
- मुख्यमन्त्री सुवेन्दु अधिकारीले सिलगड़ी स्थित बर्दवान रोड फ्लाइओभरको उद्घाटन भोली गर्नुहुनेछ।
- साहित्यकार डा जस योञ्जन 'प्यासी'को साहित्यिक कर्ममा आधारित मूल्याङ्कन कृति 'एउटा खुल्ला किताब' : कृति कीर्तिवृत्तमा जस योञ्जन 'प्यासी' पुस्तकको आज लोकार्पण गरिएको छ।
- सन्त रोर्बटस् स्कूल दार्जीलिङका भूतपूर्व शिक्षक अनि नेपाली संगीतका अभूतपूर्व संगीतकार दिप वाइबाको आज निधन भएको छ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ भारतले रक्षा निर्यात, राजनीतिक सहयोग र मित्र देशहरूको मामिलामा लगातार नयाँ उचाइहरु छुईरहेको छ। आकाशवाणीबाट आफ्नो मन की बात कार्यक्रममा, कारगिल विजय दिवसका बहादुर सैनिकहरूलाई स्मरण गर्दै, श्री मोदीले भन्नुभयो यो दिनले देशवासीहरूलाई हाम्रा बहादुर सैनिकहरूको असाधारण शौर्यको सम्झना गराउँछ।

*बाइट-पीएम करगिल दिवस*

प्रधानमन्त्रीले भन्नुभयो भारतले आफ्नो तकनीकी क्षमताहरू लगातार बढाइरहेको छ।

*बाइट-पीएम न्यू आत्मनिर्भर भारत*

प्रधानमन्त्रीले भन्नुभयो गत आइतबार विक्रम-वनको सफल प्रक्षेपणले हरेक भारतीयलाई गौरवान्वित गर्यो। उहाँले भन्नुभयो यो भारतको निजी क्षेत्रको पहिलो रकेट हो। क्याच द रेन अभियान बारे प्रधानमन्त्रीले भन्नुभयो चार जुलाई देखि यो विशेष राष्ट्रव्यापी अभियान सञ्चालन भइरहेको छ। यस अन्तर्गत वर्षाको जल संकलन, भू-जल पुनर्भरण र जलाशय तथा बगैंचाहरूको जीर्णोद्धारले नयाँ गति लिइरहेको छ। प्रधानमन्त्रीले भन्नुभयो केही दिन अघि ग्लासगोमा सुरु भएको राष्ट्रमण्डल खेलहरुमा भाग लिने खेलाडीहरूलाई सम्पूर्ण देशले उत्साहवर्धन गरिरहेको छ। देशभरि 7 अगस्तमा राष्ट्रिय हथकरघा दिवस मनाईनेछ। प्रधानमन्त्रीले भन्नुभयो यो दिवस देशका बुनकरहरुको कौशल र सिर्जनशीलताको सम्मानको प्रतीक हो। श्री मोदीले त्रिपुराको चोंगप्रेंग वाद्य यंत्र बारे पनि उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले परम्परागत संगीतलाई लोकप्रिय बनाउने श्री देबबर्माको प्रयासको प्रशंसा गर्नुभयो। प्रधानमन्त्रीले 15 अगस्तमा मनाइने स्वतन्त्रता दिवस बारे भन्नुभयो। पछिल्ला केही वर्षहरूमा हर घर तिरंगा अभियानले सम्पूर्ण देशलाई एकजुट गरेको छ र यस वर्ष पनि यसलाई पूर्ण उत्साहका साथ अगाडि बढाउनुपर्नेछ। उहाँले फेरि एक पटक सबैलाई 15 अगस्त अघि माय गोव पोर्टलमा आफ्ना विचार र सुझावहरू साझा गर्न आग्रह गर्नुभएको छ।

**करगिल विजय दिवस**

राष्ट्रले आज करगिल विजय दिवस मनाईरहेको छ। यस अवसरमा वर्ष 1999 को कारगिल युद्धमा देशको लागि सर्वोच्च बलिदान दिने सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गरिँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले करगिल विजय दिवसमा मातृभूमिको लागि आफ्नो जीवन बलिदान दिने वीर सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

**राज्यपाल विजय दिवस**

पश्चिम बंगालका राज्यपाल आर. एन. रविले कारगिल विजय दिवसको अवसरमा देशका वीर सैनिकहरुलाई श्रद्धांजलि अर्पित गर्दै भन्नुभयो करगिल युद्धमा अदम्य साहस र पराक्रमको परिचय दिने सैनिकहरुको बलिदान राष्ट्रलाई सदैव प्रेरित गरिरहनेछ।

**कारगिल विजय दिवस**

दार्जीलिङमा २७ औं कारगिल विजय दिवस श्रद्धा, सम्मान र राष्ट्रिय गौरवका साथ पालन गरिएको छ। दार्जीलिङको बतासे-स्थित ऐतिहासिक वार मेमोरियलमा आयोजित विशेष समारोहमा भारतीय सेनाका ब्रिगेडियर कमाण्डर, जिल्लापाल, आईएएस, पुलिस अधिक्षक, जीटीए प्रमुख सचिव, भारतीय सेनाका वरिष्ठ अधिकारीहरु भूतपूर्व सैनिक, सेनाका जवानहरू, एनसीसी क्याडेडहरु तथा विभिन्न सरकारी एवं गैर-सरकारी निकायका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित वरिष्ठ  व्यक्तित्वहरुले शहीद स्मारकमा पुष्पगुच्छ अर्पण गर्दै शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे। यस अवसरमा कारगिल युद्धमा वीरहरूले देखाएका अदम्य साहस, वीरता, समर्पण र बलिदानको स्मरण गर्दै शहीदहरूको योगदान राष्ट्रको लागि संधै प्रेरणाको श्रोत रहने धारणा व्यक्त गरिएको थियो।

**मुख्यमन्त्री सिलिगुडी**

मुख्यमन्त्री सुवेन्दु अधिकारी उत्तर बंगाल भ्रमणको क्रममा भोली सिलिगुडी आउने कार्यक्रम रहेको छ। बागडोगरा विमानस्थलबाट जलपाईगुडी जाने क्रममा उहाँले लामो समयदेखि प्रतिक्षित बर्दवान रोड फ्लाइओभरको उद्धाटन गर्नुहुनेछ। शहरको ट्राफिक जाम कम गर्ने उद्देश्यले निर्माण गरिएको यो महत्त्वपूर्ण पूर्वाधार परियोजना अब सञ्चालनमा आउने भएको छ।

**डा जस योञ्जन 'प्यासी'**

भारतीय नेपाली साहित्यका मूर्धन्य साहित्यकार डा जस योञ्जन 'प्यासी' का साहित्यिक कर्ममा आधारित मूल्याङ्कन कृति 'एउटा खुल्ला किताब' : कृति कीर्तिवृत्तमा जस योञ्जन 'प्यासी'' पुस्तकको लोकार्पण आज सम्पन्न भएको छ। सम्बोधन पब्लिकेसन सालुगढा सिलगढीको प्रकाशनमा रहेको पुस्तक सिलगढीको देवकोटा संघमा लोकार्पण गरियो।

*पुस्तक लोकार्पण कार्यक्रमको अध्यक्षता साहित्य अकादमी पुरस्कार प्रापक वरिष्ठ स्रष्टा विन्ध्या सुब्बाको अध्यक्षतामा सम्पन्न भयो। कमल रेग्मीले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण सम्बोधन पब्लिकेसनको तर्फबाट सुरज गुरुङले राखेका थिए। यस कार्यक्रममा सभाध्यक्षा वरिष्ठ साहित्यकार बिन्ध्या सुब्बा, विशिष्ट अतिथिहरु क्रमैले नेपालबाट आएका चन्द्र भण्डारी, असमबाट आएका समाजसेवी कृष्ण भुजेल, वरिष्ठ साहित्यकारहरु डा कृष्णराज घतानी, ज्ञानेन्द्र खतिवडा, जय क्याक्टस, स्रष्टा डा जस योञ्जन 'प्यासी', प्रकाशक सुरज गुरुङ, पुस्तकका सम्पादक लक्ष्मण दाहाल आदिको उपस्थिति रहेको थियो। कार्यक्रममा डा जस योञ्जन 'प्यासी'द्वारा लिखित गीतहरु गायक गायिकाहरुले प्रस्तुत गरेका थिए। कार्यक्रममा डा जस योञ्जन 'प्यासीले आफ्नो सम्बोधन राख्दै आज म अत्यन्तै खुशी रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो, 'म एउटा खुल्ला किताब' हुँ, मलाई जसरी पढ्दा हुन्छ। मेरो उद्देश्य केवल मानिसलाई माथि उठाउनु हो। यो पुस्तक पढेर म भित्र भित्रै रुएँ।' उहाँले कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद दिनु भएको छ।*

**दिप वाइबा निधन**

सन्त रोर्बटस् स्कूल दार्जीलिङका भूतपूर्व शिक्षक अनि नेपाली संगीतका अभूतपूर्व संयोजक-संगीतकार दिप वाइबाको आज निधन भएको छ। दिप वाइबाले आफनो जीवनको ठूलो अंश शिक्षा र नेपाली संगीतलाई समपर्ण गर्नु भएको छ। उहाँ सहकर्मी अनि विद्यार्थीहरू माझ अत्यन्त लोकप्रिय हुनुहुन्थ्यो। उहाँले वर्ष 2017 मा शिक्षाको पेशाबाट अवकाश ग्रहण गर्नुभएको थियो। नेपाली संगीत क्षेत्रमा उहाँको आजीवन योगदानको सम्मान स्वरूप उहाँलाई वर्ष 2024 मा अरूणा लामा स्मृति पुरस्कार प्रदान गरिएको थियो। उहाँको निधनले दार्जीलिङ अनि सम्पूर्ण पहाड़मा शोकको लहर छाएको छ।

**पश्चिम बंगाल राजमार्ग कार्रवाई**

पश्चिम बंगाल सरकारले उत्तर बंगालको राष्ट्रिय राजमार्ग 12 मा सञ्चालित अवैध बलजफ्ती असुली र्‍याकेट विरुद्ध कारबाही सुरु गरेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभयो यस मामिलामा पाँच जनालाई पक्राउ गरिएको छ भने तीन पुलिसकर्मिलाई निलम्बन गरिएको छ।

**********